# कमल राजपत्र

---

**कमल गाउँपालिका**

**गाउँकार्यपालिकाद्वारा प्रकाशित**

---

**मिति २०७९।०५।२७**

## भागः २

## घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधि २०७५ ( पहिलो संसोधन २०७९ )

**कमल गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम कार्यपालिकाले बनाएको यो कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

कमल राजपत्र

# घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधि २०७५ ( पहिलो संसोधन २०७९ )

बुँदा नं. ३ को  इजाजत पत्रको अवधी र नविकरणमा देहायको व्यवस्था गर्नुपर्ने ।

१. साविकमा कुनै व्यक्ति वा व्यक्तिहरुको स्वामित्वमा रहेको फर्म स्वामित्व परिवर्तन गरी अर्को व्यक्तिको नाममा नामसारी गर्नु पर्दा कार्यालयमा अन्य सम्बन्धित कार्यालयबाट प्राप्त कागजात समितिले अध्ययन गरी सिफारिस गर्न सक्नेछ ।

२. अन्य कुनै ठाउँमा रहेको फर्म कमल गा.पा. क्षेत्रभित्र स्थानान्तरण गरी आउन चाहेमा सम्बन्धित पालिकाको सिफारिस सहित निवेदन दिएमा समितिले अध्ययन गरी सिफारिस गर्न सक्नेछ ।

३. उपरोक्त बमोजिमको प्रकरण १ र २ को कार्य गर्न सिफारिस गर्ने समितिमा देहाय बमोजिमका सदस्य रहेनछन्

   क. इन्जिनियर............संयोजक

   ख. प्रशासन शाखाको प्रमुख/कर्मचारी.........सदस्य

   ग. लेखा शाखाको प्रमुख/कर्मचारी.......सदस्य

४. कार्यविधिमा नविकरणको लागि व्यवस्था भए बमोजिमको समायवधि म्याद सकिएको (आर्थिक वर्ष सकिएको) जम्मा ९(नौ) महिना भित्र पनि नविकरण गर्न नआएमा इजाजत पत्र नविकरण थप दस्तुरमा रु.२,०००।०० (रु.दुई हजार मात्र) थप गरी आर्थिक वर्षको अन्त्य सम्ममा नविकरण गर्न सकिने छ । तर एक आर्थिक वर्षभित्र पनि नविकरण नभएको फर्मलाई वार्षिक २५ प्रतिशत थप जरिवाना र शुल्क समेत लिइ नविकरण गर्न सकिनेछ ।

५. प्रकरण १ र २ वमोजिमको नामसारी वा ठाउँसारीको कार्य गर्दा नयाँ दर्ता सरहको शुल्क तिर्नुपर्ने छ ।

आज्ञाले,
राजकुमार शाक्य
प्रमुख प्रशासकिय अधिकृत